जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १५४ २०८२ साल माघ ३ गते शनिबार (17 Jan 2026 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : शिक्षामा स्वजागरणको ... ३ पृष्ठमा : कांग्रेस केन्द्रीय समिति छिटो ... ३ पृष्ठमा अस्ट्रेलियामा बालबालिका ...

## सप्तरीमा निर्वाचन अधिकृतको कार्यालय स्थापना



**दैनिक समाचारदाता राजविराज, २ माघ ।**

फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनका लागि सप्तरीको ४ वटै निर्वाचन क्षेत्रमा शुक्रबार निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ ।

सप्तरी सदरमुकाम राजविराजमा निर्वाचन क्षेत्र नं. २ को कार्यालयसँगै मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ ।

यस्तै क्षेत्र नं. १ को कञ्चनरुप नगरपालिका, क्षेत्र नं. ३ को शम्भुनाथ नगरपालिका र क्षेत्र नं.४ को खडक नगरपालिकामा निर्वाचन अधिकृतको कार्यालयको स्थापना गरिएको हो ।

राजविराजमा निर्वाचन क्षेत्र नं. २ सँगै मुख्य निर्वाचन अधिकृत कार्यालयको राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परवीनले उद्घाटन गरिन । मुख्य निर्वाचन अधिकृतमा सप्तरी जिल्ला अदालतका न्यायाधिश किशोर घिमिरे रहेका छन् ।

यस्तै निर्वाचन क्षेत्र नं. १ मा निर्वाचन अधिकृत जानकी रमण यादव, क्षेत्र नं. ३मा सीताराम अर्याल र क्षेत्र नं. ४ मा विष्णु प्रसाद आचार्य निर्वाचन अधिकृत रहेको जिल्ला निर्वाचन कार्यालय सप्तरीका प्रमुख रमेशकुमार जोशीले जानकारी दिए ।

मुख्य निर्वाचन अधिकृत घिमिरेले निर्वाचन कार्यालय स्थापना सगै निर्वाचन आयोगले तयार पारेको कार्यातालिका अनुसार गतिविधि अगाडी बढ्ने बताए । उनले निर्वाचन सम्पन्न गर्न नागरिक समाज, सुरक्षा निकाय, पत्रकार लगायत सबै सरोकारबाला निकायले सहयोग गर्नुपर्नेमा जोड दिए ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय उद्घाटन समारोहमा प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेल, सहायक निर्वाचन अधिकृत श्यामहरी अधिकारी, बरख गणका गणपति सोवित बहादुर चन्द, राष्ट्रिय अनुसन्धान कार्यालयका उप-निर्देशक कुलचन्द्र नेपाल, प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरी र सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो ।

आयोगले निर्धारण गरेको तालिका अनुसार माघ ६ गते उम्मेदवारको मनोनयनपत्र दर्ता, ७ गते उम्मेदवारको विरुद्धमा उजुरी, ८ गते उजुरी उपर छानविन र उम्मेदवारको नामावली प्रकाशन तथा माघ ९ गते उम्मेदवारी फिर्ता र अन्तिम नामावली प्रकाशन तथा उम्मेदवारलाई चुनाव चिन्ह प्रदान गर्ने उल्लेख छ ।

## बसमा सवार यात्रुको मृत्यु

**दैनिक समाचारदाता राजविराज, २ माघ ।**

सप्तरीको कञ्चनपुर क्षेत्रमा यात्रु बाहक बसमा सवार एक यात्रुको मृत्यु भएको छ ।

भैरहवाबाट विराटनगरतर्फ जाँदै गरेको लु.२ख. ३४८५ नम्बरको यात्रुबाहक बसमा सवार तिरहुत गाउँपालिका वडा नं. ४ डिमन घर भएका ५५ वर्षीय महेश मुखियाको बाटो मै मृत्यु भएको हो ।

उनी विगत ३/४ दिनदेखि बिरामी रहेको र उनकी श्रीमती ४५ वर्षीया दुखनी मुखियाले घर लैजाने क्रममा बिहीबार बसमै मृत्यु भएको इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक माधव प्रसाद काफ्लेले जानकारी दिए ।

शुक्रबार बिहान बस चालकले इलाका प्रहरी कार्यालय कञ्चनपुरमा जानकारी गराएपछि प्रारम्भिक अनुसन्धानका क्रममा घटनामा कुनै शंकास्पद अवस्था नदेखिएको प्रहरी नायब उपरीक्षक काफ्लेले बताए । मृतकको शव उनका भाइ उमेश मुखियाको जिम्मा लगाइएको प्रहरीले जनाएको छ ।

## सप्तरीमा निर्वाचन प्रहरीका लागि झण्डै दोब्बर आवेदन



**दैनिक समाचारदाता राजविराज, २ माघ ।**

आगामी फागुन २१ गते हुने प्रतिनिधीसभा निर्वाचनमा खटाईने निर्वाचन प्रहरी भर्नाका लागि सप्तरीमा ७ हजार ४ सय ४४ जनाले आवेदन दिएका छन् । यो माग अनुसार झण्डै दोब्बरको संख्या हो । जिल्लामा ४ हजार २ सय २२ निर्वाचन प्रहरीको माग गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक डम्बर बहादुर पुरीका अनुसार निर्वाचन प्रहरी भर्नाको आवेदन दिने अन्तिम दिन विहीवार माघ १ गते सम्म ६ हजार ५ पुरुष तथा १ हजार ४ सय ३९ महिला गरी कुल ७ हजार ४ सय ४४ जनाले आवेदन दिएका छन् ।

जिल्ला निर्वाचन सुरक्षामा सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीका साथै ४ हजार २ सय २२ निर्वाचन प्रहरी परिचालन गर्ने तयारी छ ।

प्रहरी नायब उपरिक्षक पुरीले निर्वाचन प्रहरीको छनौट प्रक्रिया माघ ५ गते देखि माघ ९ गते सम्म चल्ने छ । माघ १२ गते नतिजा प्रकाशित र त्यसपछि छनौटमा परेकाहरुलाई माघ १५ देखी माघ २४ गते सम्म आवश्यक तालिम प्रदान गरी कार्यक्षेत्रमा खटाईने कार्यतालिका रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

निर्वाचन प्रहरीको कार्यअवधि नियुक्ति मितिदेखि ४० दिन रहनेछ वा नेपाल सरकारले तोकेअनुसार हुनेछ । सेवा सुविधा अन्तर्गत प्रतिदिन ८ सय ६९ रुपैयाँ ४० पैसाका दरले ४० दिनको पारिश्रमिक रु ३४ हजार ७ सय ७६ प्रदान गरिने जनाइएको छायस ।

*बाँकी अन्तिम पृष्ठमा*

## सप्तरीको समग्र विकासका लागि पहल भइरहेको छ : मन्त्री गुप्ता



**दैनिक समाचारदाता राजविराज, २ माघ ।**

युवा तथा खेलकुद मन्त्री बब्लु गुप्ताले सप्तरीको समग्र विकासका लागि विभिन्न निकायमा पहल गरिरहेको बताएका छन् ।

जेन-जी युवासँग भेटघाटका लागि शुक्रबार सप्तरी राजविराज आइपुगेका मन्त्री गुप्ताले जिल्लाको समस्याहरु समाधान गर्न विभिन्न मन्त्रालयसँग पहल गरिरहेको जनाए ।

भेटघाटका क्रममा मन्त्री गुप्ताले जिल्लाको खेलकुद विकासलाई प्राथमिकतामा राख्दै राजविराजस्थित राजरंगशाला पुनर्निर्माणका लागि आवश्यक बजेट व्यवस्थापन गर्न अर्थ मन्त्रालयमा पहल भइरहेको जानकारी समेत दिए ।

यस्तै गजेन्द्रनारायण सिंह अस्पतालको सेवा सुविधा विस्तार तथा सुधारका विषयमा स्वास्थ्य मन्त्रीसँग छलफल भइसकेको तथा सप्तरीमा कर कार्यालय रहनुपर्ने विषयमा पनि अर्थ मन्त्रालयमा पहल गरिएको उनको भनाई छ ।

मन्त्री गुप्ताले युवाहरूलाई सकारात्मक सोच, नवप्रवर्तन र नेतृत्व विकासमा सक्रिय हुन आग्रह गर्दै सरकार युवामैत्री नीति तथा कार्यक्रममार्फत उनीहरुको क्षमता उपयोग गर्न प्रतिबद्ध रहेको उल्लेख गरे ।

**जाडोबाट बच्ने उपाय।**

- जाडो मौसममा शितलहर, हिमपात, हुस्सु तथा कुहिरो लाग्न सक्ने हुँदा अत्यधिक चिसो हुन सक्छ।
- चिसोको कारण प्रदूषण बढ्ने गर्छ।
- चिसो तथा प्रदूषणको कारण रुघा, खोकी, ज्वरो, सास फेर्न गाह्रो हुने तथा दम बढ्ने समस्या हुन सक्छ।
- चिसो तथा प्रदूषणले मुटु, फोक्सो, मस्तिष्कलगायतका अङ्गमा गम्भीर असर पुग्न सक्छ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दमका बिरामीलाई गम्भीर असर पार्न सक्ने हुँदा धुलो, धुँवा तथा चिसोबाट बचौं र बचाऔं।
- सकेसम्म घरभित्रै बसौं, निस्कनैपर्ने भए न्यानो कपडा लगाएरमात्र निस्कौं।

**कुनै समस्या परे चिकित्सकसंग परामर्श गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# निर्वाचनको माहौल बन्यो

निर्वाचन अधिकृतको कार्यालय स्थापना भएसँगै देशमा निर्वाचनको माहौल बनेको छ । कार्यालय स्थापना सँगै माघ ६ गते निर्वाचनका लागि उम्मेदवारी दर्ता हुने कार्यक्रम रहेको छ । यसरी राजनीतिक दलहरू सक्रिय देखिन थालेका छन्, बैठक, भेला र रणनीतिक छलफल बढेका छन् । नेताहरू जनतामाझ पुग्ने प्रयासमा छन् भने सामाजिक सञ्जालदेखि चिया पसलसम्म निर्वाचनका कुरा हुन थालेका छन् । यसले लोकतान्त्रिक अभ्यासलाई गतिशील बनाएको संकेत दिए पनि चुनौतीहरू पनि उस्तै देखिँदै आएका छन् । जनताले आफ्ना प्रतिनिधि छान्ने यो प्रक्रियालाई स्वतन्त्र, निष्पक्ष र विश्वसनीय बनाउन सबै पक्ष जिम्मेवार बन्नुपर्छ ।

निर्वाचनको माहौल बनिरहँदा राज्य संयन्त्र, सुरक्षा निकाय र निर्वाचन आयोगको भूमिका झन् महत्वपूर्ण हुन्छ । समयमै आचारसंहिता लागु गर्ने, सबै उम्मेदवारलाई समान अवसर दिने र सुरक्षाको विश्वसनीय व्यवस्था मिलाउने कार्यमा कुनै ढिलासुस्ती हुनु हुँदैन । साथै, मतदातालाई सचेत बनाउने काम पनि उत्तिकै आवश्यक छ ।

जनताको सहभागिता बिना निर्वाचन सफल हुन सक्दैन । युवाहरू, महिला र पहिलो पटक मतदाता बन्ने नागरिकलाई मतदान प्रक्रियामा सक्रिय रूपमा जोड्नुपर्छ । भोट हाल्नु अधिकार मात्र होइन, लोकतन्त्रप्रतिको जिम्मेवारी पनि हो भन्ने चेतना फैलाउनु आजको आवश्यकता हो । तसर्थ निर्वाचनलाई सकारात्मक, शान्त र भयरहित वातावरणमा सम्पन्न गराउने दायित्व राजनीतिक दल, उम्मेदवार र नागरिक सबैको नैतिक जिम्मेवारी हो ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# शिक्षामा स्वजागरणको अभ्यास

**कमला ज्ञवाली**

काठमाडौं, २ माघ (रासस) ।

भगवान् गौतमबुद्धको भनाइमा स्वयंलाई चिन्नु वास्तविक शिक्षा हो । भगवान् गौतमबुद्ध स्वयंलाई चिनेको र स्वजागृत भएको व्यक्ति हो कुनै औपचारिक शिक्षा र जिपिए प्राप्त व्यक्ति होइन । हरेक व्यक्तिभित्र अन्तरनीहित प्रतिभा/जीवन ऊर्जा रहेको हुन्छ । त्यो जीवन ऊर्जालाई जगाउने काम मात्र शिक्षाको हो । हरेक व्यक्ति स्वयं आफैंबाट जाग्यो भने मात्र राष्ट्र जाग्छ, समृद्धि हुन्छ । हरेक व्यक्तिमा खुसी, शान्ति, आनन्द, आरोग्य छ तर प्रस्फुटन हुन सकेको छैन । त्यसैले व्यक्तिले ती चिज पैसा, धन, सामग्री, पद, प्रतिष्ठा, इज्जत र बाहिरी संसारमा खोजिरहेको छ तर प्रकृतिमा त्यस्तो छैन । धनले स्वास्थ्य, खुसी, शान्ति र आनन्द खरिद गर्न सक्दैन । हरेक व्यक्ति आफूभित्रबाटै जागृत हुनुपर्छ । त्यो जागृति शिक्षाबाट मात्र सम्भव छ । हामीकहाँ विषयगत ज्ञानको कमी होइन, आत्मज्ञानको कमी छ । म को हुँ, मेरो जिम्मेवारी के हो, मेरो कर्तव्य के हो, मेरो क्षमता के हो र सत्य के हो भन्ने प्रश्नको जवाफ स्वयंले दिनसक्नु नै आत्मज्ञान हो । आत्मज्ञानबिनाको विषयगत ज्ञान कामयावी हुन सक्दैन । वर्तमान परिस्थितिलाई हेर्ने हो भने शिक्षाले खुसी, शान्ति, आनन्द र आरोग्य दिन नसकेको प्रस्ट देखिन्छ ।

कुनै पनि देशको विकास हुन शिक्षा राम्रो हुनुपर्छ । विकसित देशमा शिक्षाले व्यक्तिलाई स्वजागरण गराउन सकेको देखिन्छ । विकसित राष्ट्रमा व्यक्तिको सकारात्मक सोच, उच्च मनोबल/आत्मबल, साहस, लगनशीलता, अनुशासनबाट यो कुरा प्रष्ट हुन्छ । जीवनलाई सुगन्धित बनाउन तीन कुरा भन्न सक्नुपर्छः धन्यवाद, क्षमा मलाई थाहा छैन । यी तीन चिजले मानिसलाई अन्तरात्मादेखि खुसी, शान्ति, आनन्द र आरोग्यता प्रदान गर्छन् । जीवनमा सत्य, निष्ठा, नैतिकता र इमान्दारीलाई बढाउँछन् । अहिले हाम्रो मुलुकमा हुनुपर्ने काम भइरहेको छैन भने नहुनुपर्ने काम नै धेरै हुनुमा शिक्षाले स्वजागरण गराउन नसक्नु हो ।

हामीकहाँ हेराइभन्दा सोचाइमा समस्या छ । आफूमा समस्या छ र समाधान पनि आफूभित्र नै छ । बाहिरै समस्या देख्ने र बाहिरबाटै समाधान खोजेका कारण सुधार नभएको हो । ठूलो काम गर्न खोजियो भने गर्न सकिँदैन । सानो कामबाट सुधार गरियो भने देश विकसित र समृद्ध हुन कतिबेर लाग्दैन । परिवर्तन आफूबाट सुरु गर्नुपर्छ तबमात्र वास्तविक परिवर्तन हुन्छ । परिवर्तनको सुधार आफैंबाट सुरु गर्नुपर्छ । आफू बदलिएर देखाउनेले संसार बदलेका छन् । अरुलाई बदल्न खोज्ने डिप्रेसनको सिकार बनेका छन् । आफू जागृत भएको व्यक्तिमा रिस, लोभ, इर्ष्या, घृणा हुँदैन, हुन्छ त केबल इमान्दारी, नैतिकता, अनुशासन, आत्मविश्वास, लगनशीलता, सत्य, निष्ठा जुन देश विकासका लागि आवश्यक स्तम्भ हुन् ।

शिक्षामा स्वजागरणको पहिलो आवश्यकता खुसी, शान्ति, आनन्द र आरोग्यक हो, सिकाइ उपलब्धिको औसत प्राप्ति मात्र हैन । स्वजागरणले मात्र सिकाईको उपलब्धि राम्रो हुन्छ । सर्वप्रथम शिक्षक खुसी हुनुपर्छ, जसले जे बाढ्यौँ त्यही पाइन्छ । शिक्षक खुसी नभई विद्यार्थीलाई खुसी बनाउन सकिँदैन । त्यसैले धन आर्जन हैन, ध्यान आर्जन गर्न सिकाउनुपर्छ । सम्पत्ति जोड्न हैन, असल संस्कार र सम्बन्ध जोड्न सिकाउनुपर्छ । अहिले शरीरमा भन्दा मनमा, मनमा भन्दा भावनामा र भावनामा भन्दा गहिरो समस्या चेतना/आत्मामा देखिन्छ । शरीरले स्वास्थ्य, मनले खुसी, भावनाले शान्ति र चेतनाले आनन्द खोज्छ । शरीरका लागि व्यायाम, मनका लागि प्राणायाम, भावनाका लागि सत्सङ, भक्ति, भजन/सङ्कीर्तन, समर्पण र चेतनाका लागि ध्यान आवश्यक पर्छ । यसले स्वयंलाई चिन्न मद्दत गर्छ । आजको आवश्यकता स्वयंको शिक्षामा स्वजागरण हो । मानिस खुसीका लागि औषधि प्रयोग गरिरहेका हुन्छन् । औषधि भनेको दबाइ हो, जसले स्वास्थ्यलाई दबाउँछ र नयाँ स्वास्थ्य समस्या जन्माउँछ । प्रकृतिमा अद्भूत नियम छ । चौरासी व्यञ्जन बनाउन सकिन्छ तर भोक किन्न सकिँदैन । महँगो विस्तारा बनाउन सकिन्छ तर निद्रा किन्न सकिँदैन । त्यसैले भौतिक चिजवस्तुभन्दा अभौतिक, देख्न नसकिने, छुन नसकिने चिज अमूल्य छन् । यी कुरा प्राप्त गर्नु नै असली जीवन हो ।

**जिम्मेवारी कसको हो ?**

शिक्षा खुसी, आत्मदीप्ति र सकारात्मक ऊर्जाका लागि हो । त्यसका लागि शिक्षा क्षेत्रका सरोकारवालाले निम्नलिखित भूमिका निर्वाह गर्न सक्नुपर्छ :

(क) अभिभावकले के गर्ने ?

बालबालिकाको पहिलो शिक्षा आमाको गर्भबाट सुरु हुन्छ । त्यसैले गर्भावस्थाबाट नै बालबालिकालाई कस्तो बनाउने हो त्यसै खालको आहार-विहार, विचार पद्धति अपनाउनुपर्छ । आमा नै असल संस्कार सिकाउन सक्ने पहिलो गुरु हुन् । आमाबुबा सन्तानका लागि ऐना हुन् । आमाबुबा संस्कारी भए मात्र सन्तान संस्कारी हुन्छन् । रोगमुक्त शरीर तनावमुक्त मन र हिंसामुक्त समाज निर्माणका लागि घरपरिवारको वातावरणले महत्वपूर्ण भूमिका निर्वाह गर्छ । असल सन्तानका लागि असल आमाबुबा हुनुपर्छ । प्रशंसाले आत्मबलको विकास हुन्छ भने अभावमा हुर्केको बालकले हरेक कुराको मूल्य थाहा पाउन सिक्छ । त्यसैले बालबालिकालाई कस्तो बनाउने पहिलो भूमिका अभिभावकमा निर्भर रहन्छ । घरको वातावरणले सिकाइमा प्रत्यक्ष प्रभाव पार्छ । हामीले सच्चा अभिभावक बन्न सक्नुपर्छ । भनिन्छ आठ वर्ष पूरा हुदाँसम्म बालबालिकाको ८० प्रतिशत मात्र मानसिक विकास भएको हुन्छ । त्यसैले प्रारिम्भक बालविकासमा लेखाउनु हुँदैन हाम्रा अविभावकहरु गृहकार्य धेरै खोजिरहनु भएको छ । त्यसैले पहिलो जागरण अविभावकमा ल्याउनुपर्छ । हस्तरेखाको पूर्ण रुपमा विकास नभई लेखाउँदा बालबालिकामा आत्मबल कमजोर, बेखुसी, अशान्ति र आरोग्यता घट्दै जान्छ ।

**(ख) विद्यालयले के गर्ने ?**

बालबालिकाको दोस्रो घर विद्यालय हो । विद्यालयमा बालबालिकालाई आत्मदीप्ति गराउने दायित्व शिक्षकको हुन्छ । यसका लागि शिक्षकमा स्वजागृति हुनुपर्छ । स्वजागरण भएको शिक्षकले मात्र आफ्ना बालबालिकालाई स्वजागरण गराउन सक्छ । त्यसैले शिक्षक खुसी, शान्त, आनन्दित र आरोग्य बन्नुपर्छ । खुसी शिक्षकले मात्र खुसी बाँड्न सक्छ । अहिले शिक्षाले यी कुरा दिन सकेको देखिँदैन । शिक्षक स्वउत्प्रेरित भएको पाइँदैन । शिक्षक जस्तो हुन्छ, विद्यार्थी त्यस्तै हुन्छ । शिक्षक बालबालिकाको ऐना हुन् । संस्कारी शिक्षक भए मात्र विद्यार्थी संस्कारी बन्छ । विद्यार्थीले सबैभन्दा बढी शिक्षकले भनेका कुरामा विश्वास गर्छन् । त्यसैले सर्वप्रथम शिक्षक आफैंमा स्वजागरण हुनु जरुरी छ ।

शिक्षकमा सुधार नभएसम्म शिक्षामा सुधार गर्न सकिँदैन । प्रारम्भिक बालविकासमा बालबालिकालाई गृहकार्य दिनुभन्दा संस्कार सिकाउनु आवश्यक छ । उनीहरूलाई खुसी हुन, शान्त हुन, आनन्दित हुन र आरोग्य हुन सिकाउनु आवश्यक छ । यस तहमा शारीरिक, मानसिक, भावनात्मक, आध्यात्मिक विकास पूर्ण रूपमा गराउने क्रियाकलाप मात्र गराउनुपर्छ । पाठ्यपुस्तक पढाउने लेखाउने होइन जीवन पढाउनुपर्छ । प्रारम्भिक बालविकासका बालबालिकालाई जीवन ऊर्जा जगाउन सकियो भने जीवन खुसी, शान्त, आनन्द र स्वस्थ भएर सत्य निष्ठा र इमान्दारीको विकास हुन्छ । हरेक मानिस शान्त नभई देशमा क्रान्ति आउँदैन । त्यसैले सर्वप्रथम प्रारम्भिक बालविकास तथा शिक्षालाई सुधार गरौँ । समस्याको मूल केन्द्र मन हो । समस्या र समाधान त्यसमै हुन्छ ।

प्रत्येक व्यक्तिमा आफ्नो जीवन/भविष्य निर्माण गर्ने सामर्थ्य हुन्छ । आफूले म को हुँ भनेर नचिनेसम्म समस्या समाधान हुँदैन । यसर्थ विद्यालयलाई सिकाइ केन्द्र बनाऔँ । शिक्षामा सीपलाइ जोडौँ । त्यसका लागि एक विद्यालय एक उद्यम कार्यक्रमको अभियान चलाउनुपर्छ । विद्यालयलाई परिवर्तनको केन्द्र/रोजगार केन्द्र बनाउनुपर्छ । भक्तपुरको चाँगुनारायण नगरपालिका-८ स्थित महेन्द्रग्राम माविमा प्रत्येक शुक्रबार कपाल काट्ने अभियान सुरु भएको छ । यसलाई सबै विद्यालयहरुले कार्यान्वयनमा ल्याउन कोशिस गर्नुपर्छ ।

**(ग) स्थानीय सरकारले के गर्ने ?**

सङ्घीय शासन व्यवस्थाले शिक्षाका २३ वटा अधिकार स्थानीय सरकारलाई प्रदान गरेको छ । त्यसैले आफ्नो कार्यक्षेत्रमा शिक्षा कस्तो बनाउने र नीतिगत, कानुनी, संस्थागत, संरचनागत पक्षको विकास कसरी गर्ने भन्ने जिम्मेवारी स्थानीय सरकारको हो । स्थानीय सरकार राम्रो, समृद्ध हुन शिक्षा राम्रो हुनुपर्छ । जुन देशको शिक्षाले व्यक्तिलाई आत्मदीप्ति गर्न सक्यो त्यो देश आज विश्वको प्रथम स्थानमा रहेको छ । निष्ठा, सत्य, नैतिकता, सहचरित्रता, इमान्दारीको जग स्थानीय सरकारबाट सुरु हुनुपर्छ । आआफ्नो क्षेत्रमा शिक्षकलाई उत्प्रेरित/प्रोत्साहन हुने गरी काम गर्नसकेमा मात्र सुधार सम्भव छ ।

**(घ) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले के गर्ने ?**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय राम्रो नभएसम्म अरू मन्त्रालयका काम राम्रो हुन सक्दैनन् किनभने हरेक व्यक्तिलाई जगाउने काम यही मन्त्रालयको हो । प्रत्येक व्यक्तिमा रहेको अन्तरनीहित प्रतिभा (जीवन ऊर्जा) प्रस्फुटन नभएसम्म देशमा समृद्धि आउन सक्दैन । कुनै पनि देशको समृद्धि भनेको शिक्षाको राष्ट्रिय नीति, नियम, कानुन कार्यक्रममा भर पर्छ । सबैभन्दा उत्कृष्ट पेसा शिक्षण पेसालाई बनाउने गरी नीतिगत, कानुनी, संस्थागत, संरचनागत सुधार गर्नुपर्छ । स्रोतभन्दा सोचमा समस्या छ । अब हामीले स्वजागरणमा केन्द्रित गरेर शिक्षा परियोजना ल्याउनुपर्छ । तालिमका प्याकेजमा स्वजागरणका विषयवस्तु समेट्नुपर्छ । विषयगत ज्ञानभन्दा आत्मज्ञानका विषयवस्तुमा केन्द्रित गरेर पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक तालिम प्याकेज बनाई त्यसैअनुरूप शैक्षिक जनशक्ति उत्पादन गर्नुपर्छ ।

शिक्षालाई सीप, सीपलाई श्रम, श्रमलाई उत्पादन, उत्पादनलाई बजार, बजारलाई रोजगारी र रोजगारीलाई समृद्धिसँग जोड्नका लागि विद्यालयलाई परिवर्तनको केन्द्र बनाउनुपर्छ । सीपबिनाको शिक्षाले शैक्षिक बेरोजगारीलाई मात्र बढाउँछ त्यसैले 'एक विद्यालयमा एक उद्यम कार्यक्रम' को अभियानमार्फत शिक्षामा सीपलाई जोड्दै जानुपर्छ । कम्तीमा १० कक्षा पास भएर निस्कँदा एउटा सीपको क्षमता प्रत्येक बालबालिकाले पाउने गरी मन्त्रालयले काम गर्नुपर्छ । सीपबिनाको प्रमाणपत्र संसारमा बिक्दैन । विद्यालयलाई शैक्षिक बेरोजगार उत्पादन गर्ने कारखाना बनाउने होइन कि रोजगारी उत्पादन गर्ने रोजगार केन्द्र बनाउनुपर्छ । संस्कार र सीपयुक्त शिक्षा हामी सबैको इच्छा भन्ने नारा तय गरी कार्यक्रम अगाडि बढाउनुपर्छ । विषयगतभन्दा आत्मज्ञानमा केन्द्रित भएर मन्त्रालयले बजेट, नीति, कार्यक्रम ल्याउन ढिला भइसकेको छ । संस्कार र सीपयुक्त शिक्षा हामी सबैको इच्छा' भने नारा तय गरी शिक्षाले अबका कार्यक्रम सञ्चालन गर्नुपर्छ । ४० प्रतिशत बालबालिकामा १४ वर्षभित्रै मानसिक समस्या सुरु हुन्छ । १६-४० वर्षका १९ जना युवाले दैनिक आत्महत्या गरेको मुख्य कारण बेखुसी र तनाब नै हो । रोगमुक्त शरीर, तनावमुक्त र हिंसामुक्त समाज निर्माणका लागि अहम् भूमिका शिक्षाको हो । शिक्षाले मात्र आत्मदीप्ति गराउन सक्छ । स्वजागरण जागेको प्रत्येक व्यक्तिले मात्र सत्य बुझ्न सक्छ । अबको शिक्षाको गन्तव्य शिक्षामा स्वजागरण नै हो । आफूलाई बदल्नेले मात्र संसार बदल्न सक्छ ।

**निष्कर्ष**

शिक्षा विषयगत ज्ञानको सञ्चय मात्र नभई स्वयम्लाई चिन्ने, आत्मज्ञान प्राप्त गर्ने र अन्तरनीहीत जीवन ऊर्जालाई जागृत गराउने प्रक्रिया हो । हरेक व्यक्तिभित्र खुसी, शान्ति, आनन्द र आरोग्य विद्यमान भए पनि स्वजागरणको अभावका कारण मानिसले ती मूल्य बाहिरी धन, पद र प्रतिष्ठामा खोजिरहेको छ । आत्मज्ञानबिनाको शिक्षा प्रभावहीन हुन्छ र यही कमजोरीका कारण वर्तमान शिक्षा प्रणालीले व्यक्ति र समाजलाई सन्तुलित, खुसी र नैतिक बनाउन सकेको छैन । राष्ट्रको समृद्धि व्यक्तिगत स्वजागरणबाट सुरु हुन्छ । सोचाइ र चेतनामा परिवर्तन नगरी संरचना र स्रोत मात्र सुधारेर समस्या समाधान हुँदैन । परिवर्तन सानो कामबाट, आफूबाट सुरु हुनुपर्छ ।

*बाँकी तीन पृष्ठमा*

# कांग्रेस केन्द्रीय समिति छिटो अद्यावधिक गर्न विशेष महाधिवेशनबाट निर्वाचित केन्द्रीय पदाधिकारीको माग

काठमाडौं, २ माघ (रासस) ।

नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशनबाट नवनिर्वाचित केन्द्रीय पदाधिकारी एवं केन्द्रीय सदस्यहरूले विशेष महाधिवेशन वैधानिक भएकाले त्यसको कागजातका आधारमा पार्टी केन्द्रीय समिति अद्यावधिकको निर्णय गर्न माग गरेका छन् ।

कानुन व्यवसायीसहित शुक्रबार निर्वाचन आयोग आएका केन्द्रीय पदाधिकारी एवं केन्द्रीय सदस्यहरूले थप कागजात पेस गरेका छन् । नवनिर्वाचित उपसभापति विश्वप्रकाश शर्माले केन्द्रीय समितिले गरेको निर्णयअनुसार नियमित महाधिवेशन कार्यान्वयन नभएकाले विधानअनुसार विशेष महाधिवेशन गरिएको बताउनुभयो । कांग्रेस विधानको दफा १५ ले महाधिवेशनलाई सर्वोच्च निकाय भनेकाले त्यहाँबाट गरिएका निर्णय कानुनसम्मत रहेको बताउनुभयो ।

“विधान अनुसार ५४.५८ प्रतिशत महाधिवेशन प्रतिनिधिले असोज २८ गते नै विशेष महाधिवेशनको माग गरेका हुन्, विधानको दफा ३ को उपदफा १२ ले केन्द्रीय कार्यालय भन्नाले महामन्त्री भन्ने उल्लेख गरेको छ, विधान कार्यान्वयन नगर्नु कानुनको उल्लङ्घन हुने भन्ने व्यवस्था भएकाले हामीले विधानको व्यवस्थालाई कार्यान्वयन गराएका हौं, कार्यान्वयन नगरे रु पाँच हजार जरिवानाको व्यवस्था कानुनमा रहेको छ”, उहाँले भन्नुभयो ।

हस्ताक्षर गरेका २९ जना महाधिवेशन प्रतिनिधिले मात्र फिर्ता लिएको जानकारी उपसभापति शर्माले आयोगलाई गराउनुभयो । घर फर्किसकेका महाधिवेशन प्रतिनिधिले हस्ताक्षर फिर्ता लिए भनी हल्ला फिँजाइएको उहाँले बताउनुभयो ।

असोज २८ गते कार्यवाहक सभापति पूर्णबहादुर खड्काले नै हस्ताक्षर गरेर विशेष महाधिवेशन माग गरिएको निवेदन पार्टी कार्यालयमा दर्ता भएको र दर्ता नं. १०१ रहेको उपसभापति पुष्पा भुसालले बताउनुभयो । दुई हजार ४८८ जना महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशन माग गरेको र दुई हजार ६५२ जना महाधिवेशन प्रतिनिधि विशेष महाधिवेनमा उपस्थित भएर नीति र नेतृत्व पारित गरेको उहाँले जानकारी गराउनुभयो ।

कांग्रेस विधानको दफा १७ (२) अनुसार विशेष महाधिवेशन माग गरेको तीन महिनाभित्र गर्नेपर्ने व्यवस्थाअनुसार त्यसलाई कार्यान्वयन गरिएको वरिष्ठ अधिवक्तासमेत रहनुभएकी नेतृ भुसालले भन्नुभयो ।

कांग्रेस विशेष महाधिवेशनबाट नवनिर्वाचित महामन्त्री प्रदीप पौडेलले महाधिवेशनले बनाएको नीति, नियम कार्यान्वयन गर्ने काम केन्द्रीय कार्य समिति भएको बताउनुभयो । नीति, नियम र नेतृत्व चयन गर्ने आधिकारिक मञ्च महाधिवेशन नै भएकाले विशेष महाधिवेशन वैध रहेको उहाँको भनाइ थियो ।

विशेष महाधिवेशनबाट नवनिर्वाचित अर्का महामन्त्री गुरुराज घिमिरेले असोज २८ गते ५४.५८ प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरेको कागजात आफूहरूले नै कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई बुझाएको र उहाँले नै हस्ताक्षर गरेर दर्ता गराएकामा अहिले विशेष महाधिवेशन कहाँ, कहिले भयो ? थाहा छैन भनी गैरजिम्मेवार अभिव्यक्ति दिएको बताउनुभयो ।

नेपाल बार एशोसियशनको पूर्वअध्यक्षसमेत रही सक्नुभएका विशेष महाधिवेशनबाट नवनिर्वाचित केन्द्रीय सदस्य प्रेमबहादुर खड्काले ४० प्रतिशतभन्दा धेरै महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशनको माग गरेमा अनिवार्य रूपमा गर्नुपर्ने व्यवस्थाअनुसार नै भएको बताउनुभयो । पार्टी विधानको यही व्यवस्थाअनुसार दुई जना तत्कालीन महामन्त्रीले आफ्नो काम पूरा गरेको उहाँले सुनाउनुभयो । राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५१ अनुसार विशेष महाधिवेशनले गरेको निर्णय अद्यावधिक गर्न आफूहरू आयोग आएको उहाँले सुनाउनुभयो ।

कांग्रेस निर्वाचन समितिको संयोजकसमेत रहनुभएका वरिष्ठ अधिवक्ता सीताराम केसीले राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४३ र ४४ मा अहिले कुनै विवाद नरहेकाले दफा ५१ अनुसार अद्यावधिक गरिनुपर्ने बताउनुभयो । कांग्रेस विधानअनुसार निर्वाचन कार्यविधि र निर्देशिका बनाएर विधिसम्मत रूपमा विशेष महाधिवेशन सम्पन्न गरिएको उहाँले आयोगलाई जानकारी गराउनुभयो ।

नेपाल बार एशोसियशनका पूर्वअध्यक्ष एवं वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरे, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीलगायत विशेष महाधिवेशनबाट नवनिर्वाचित केन्द्रीय सदस्यहरूले छिटो गरी कांग्रेस केन्द्रीय समितिको सूची अद्यावधिक गर्न माग गर्नुभएको थियो ।

# लामिछानेको मुद्दा फिर्ता गर्ने निर्णयमा बारको आपत्ति

काठमाडौं, २ माघ (रासस) ।

नेपाल बार एसोसिएसनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा फिर्ता गर्ने निर्णय अनुचित भएको जनाएको छ ।

बारका महासचिव केदारप्रसाद कोइरालाले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिमा महान्यायाधिवक्ता कार्यालयको लामिछानेको उक्त मुद्दा फिर्ता लिने निर्णय अनुचित भएको जनाएको हो ।

“अपराधको राजनीतिकरण र राजनीतिको अपराधिकरणले दण्डहीनतालाई प्रश्रय दिई फौजदारी न्यायको आत्मा मार्ने भएकाले कानुनी शासनको प्रत्याभूतिका लागि उक्त निर्णयको विरोध गर्दछौं”, बारले भनेको छ, “अतः उल्लिखित निर्णय तत्काल फिर्ता लिनका लागि समेत यस एसोसिएसन माग गर्दछ ।”

बारले फौजदारी न्याय प्रशासन स्वतन्त्र, निष्पक्ष र पारदर्शी हुनुपर्दछ भन्ने मान्यता बारले निरन्तर दिँदै आएको र मुद्दा फिर्तासम्बन्धी उक्त निर्णय प्रचलित कानुनी व्यवस्था र यसअघि सर्वोच्च अदालतले मुद्दा फिर्तासम्बन्धी प्रतिपादन गरेका सिद्धान्तविपरीत भएको जनाएको छ ।

“यस प्रकारको छलोटपूर्ण निर्णयले अदालतको क्षेत्राधिकार समेतमा आघात पुगी स्वतन्त्र न्यायापलिकाको अवधारणामा नै असर पुर्याउँदछ”, विज्ञप्तिमा भनिएको छ, “यस विषयले फौजदारी न्याय प्रणालीमा नै गम्भीर विचलन ल्याई कानुनको शासनको उल्लङ्घन भई कार्यकारीको स्वेच्छाचारितालाई बढावा दिने स्पष्ट छ ।”

महान्यायाधिवक्ता कार्यालयले गत पुस ३० गते लामिछानेको ठगी तथा सहकारी ठगीमा दाबी गरिएको अभियोग कायम गरी सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग दाबी निजको हकमा कायम नरहने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ बमोजिम अभियोग संशोधन हुनेगरी स्वीकृति दिने निर्णय गरेको थियो ।

### *शिक्षामा ...*

स्वजागृत व्यक्ति मात्र इमान्दार, अनुशासित, नैतिक र आत्मविश्वासी हुन्छ, जसले समाज र राष्ट्र निर्माणमा सकारात्मक योगदान दिन सक्छ । त्यसैले शिक्षाको मूल्याङ्कन खुसी, शान्ति, आनन्द र आरोग्यका आधारमा हुनुपर्छ । अभिभावक, शिक्षक, विद्यालय, स्थानीय सरकार र मन्त्रालय सबैले स्वजागरण केन्द्रित दृष्टिकोण अपनाउनुपर्छ । विशेषतः शिक्षक स्वयं खुसी र स्वजागृत नभएसम्म विद्यार्थीमा स्वजागरण सम्भव हुँदैन । प्रारम्भिक बालविकासदेखि नै जीवन सीप, संस्कार, आत्मज्ञान र सीपयुक्त शिक्षा दिनु अनिवार्य छ । शिक्षा खुसी, आत्मदीप्ति, शान्ति र सकारात्मक ऊर्जाको लागि हुनुपर्छ । ‘संस्कार र सिपयुक्त शिक्षा’मार्फत आत्मज्ञान र स्वजागरणलाई शिक्षाको केन्द्र बनाइएन भने न त व्यक्तिगत जीवन सुधार हुन्छ, न समाज र राष्ट्र नै समृद्ध बन्छ । आफूलाई बदल्ने व्यक्तिले मात्र संसार बदल्न सक्छ भन्ने मान्यतासहित अबको शिक्षाको अन्तिम गन्तव्य शिक्षामा स्वजागरण नै हो । *(लेखक शिक्षा विकास तथा समन्वय एकाइ भक्तपुरको प्रमुख हुनुहुन्छ)*

# बैंक लुटपाटमा संलग्न सात जना पक्राउ

सिन्धुली, २ माघ (रासस) ।

यहाँको घ्याङलेख गाउँपालिकामा रहेको नेपाल एसबिआई बैंकको शाखा लुटपाटमा संलग्न सात जनालाई प्रहरीले पक्राउ गरेको छ । घटनाबारे जिल्ला प्रहरी कार्यालयले शुक्रबार पत्रकार सम्मेलन गर्दै पक्राउ परेका व्यक्तिको विवरण सार्वजनिक गरेको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक लालध्वज सुवेदीले पुस २९ गते साँझ ७:३० बजे बैंक लुटपाटमा संलग्न सात जना पक्राउ गरिएको र एक जना फरार रहेको जानकारी दिनुभयो ।

उहाँका अनुसार काभ्रेपलाञ्चोकको बनेपा नगरपालिका-१० का ४९ बर्षिय सुमो चालक भागवतसिंह थापा, सिन्धुलीको घ्याङलेख गाउँपालिका-२ का ४७ वर्षीय चतुरमान बज्यु, चितवनको भरतपुर महानगरपालिका-२ का २४ बर्षिय शशांक श्रेष्ठ, नुवाकोटको पञ्चकन्या गाउँपालिका-५ का २३ वर्षीय मिलन गिरी, सोही ठेगाना भएका १९ वर्षीय विवेक मगर, सिन्धुलीको घ्याङलेख गाउँपालिका-२ का ४४ वर्षीय छविलाल स्याङ्तान र एक जना नाबालक पक्राउ परेका छन् ।

पुस २९ गते साँझ उनीहरुले बैंकको गार्ड रुद्रबहादुर कार्की तथा उक्त बैंकमा रहेका कर्मचारीसमेतलाई नियन्त्रणमा लिएर लुटपाट गरेका थिए । बैंकका सुरक्षा गार्डलाई खुकुरीसमेत प्रहार गरी सामान्य घाइते बनाइ बैंक भित्र छिरी नगद लुटेर उनीहरु फरार भएका थिए ।

घटनास्थलबाट करिब दुई किलोमिटर पूर्व लिपिखोलामा विएडि ०३९८ टाटा सुमो र चालक भागवतसिंहलाई फेला पारी निजलाई प्रारम्भिक रुपमा सोधपुछ गर्दा अपरिचित छ जनाले विवाहको लागि भनी उक्त टाटा सुमो काभ्रेको बनेपाबाट सोही दिन रिजर्भ गरी ल्याएको जानकारी पाएपछि चालकले दिएको हुलियाको आधारमा बैंक लुटपाटमा संलग्नको खोजिलाई तिव्र पारिएको थियो ।

नेपाल एसबिआई शाखा कार्यालय घ्याङलेख शाखाका अनुसार उक्त दिन बैंकबाट रु तीन करोड सात लाख पैसा लुटी उनीहरुले लगेका थिए । पक्राउ परेकाहरुलाई चोरी तथा डाँकासम्बन्धी कसूरमा पाँच दिन म्याद थप भई अनुसन्धान भइरहेको ।

प्रहरीले रु दुई करोड ६८ लाख ५५ हजार १७५ बरामद गरेको छ । साथै उक्त घटनामा प्रयोग भएका दुई थान खुकुरी, एक थान प्लाष्टिकको पेस्तोल, मोबाइल पाँच थान, ठूलो पानी टेप एक थान, कालो रङको नकाब तीन थान र रातो रङको नकाब एक थान, कालो पञ्जा एक जोर बरामद गरिएको छ ।

## विश्व समाचार

### अस्ट्रेलियामा बालबालिका खातामा कडाइ

वेलिङ्टन, २ माघ (रासस/एपी) ।

अस्ट्रेलियाले १६ वर्ष मुनिका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाएपछि सामाजिक सञ्जाल कम्पनीहरूले बालबालिकाहरूका रूपमा पहिचान गरिएका करिब ४७ लाख खाताहरू हटाएको वा पहुँच बन्द गरेको अधिकारीहरूले बताएका छन् ।

अस्ट्रेलियाली सञ्चारमन्त्री अनिका वेल्सले शुक्रबार पत्रकारहरूसँग कुरा गर्दै भन्नुभयो, “हामीले यो सम्भव छैन भन्ने सबै तर्कहरू सुनेका थियौं, विश्वका शक्तिशाली र धनी कम्पनीहरू तथा उनीहरूका समर्थकहरूलाई पनि हेरेका थियौं । तर अब अस्ट्रेलियाका अभिभावकहरू आफ्ना बच्चाहरूले सुरक्षित रूपमा बाल्यकाल फिर्ता पाउनेछन् भन्नेमा विश्वस्त हुन सक्छन् ।”

डिसेम्बरमा लागू गरिएको यस ऐतिहासिक प्रतिबन्धपछि पहिलो पटक सार्वजनिक भएको तथ्याङ्कले अनलाइन वातावरणले बालबालिकामा पार्ने हानिकारक प्रभावप्रति सरकारको चिन्ता कति गहिरो छ भन्ने देखाएको छ । यो कानूनले प्रविधिको प्रयोग, गोपनीयता, बाल सुरक्षा र मानसिक स्वास्थ्यसम्बन्धी बहसलाई थप चर्काएको छ र अन्य देशहरूलाई पनि यस्तै कदमबारे सोच्न प्रेरित गरेको छ ।

अस्ट्रेलियाली कानुनअनुसार फेसबुक, इन्स्टाग्राम, टिकटक, एक्स, युट्युब, स्न्यापच्याट, रेडिट, किक, थ्रेड्स र ट्विचजस्ता प्लेटफर्महरूले १६ वर्षमुनिका बालबालिकाका खाताहरू हटाउन पर्याप्त कदम नचालेमा चार करोड ९५ लाख अस्ट्रेलियन डलरसम्म जरिवाना हुनसक्छ । ह्वाट्सएप र फेसबुक मेसेन्जरजस्ता सन्देश सेवा भने यस प्रतिबन्धबाट बाहिर छन् ।

उमेर प्रमाणित गर्न प्लेटफर्महरूले पहिचान कागजात, अनुहारबाट उमेर अनुमान गर्ने प्रविधि वा उपलब्ध डाटाको प्रयोग गरेका छन् । अस्ट्रेलियाको सुरक्षा आयुक्त जुली इनमान ग्रान्टका अनुसार आठदेखि १५ वर्ष उमेरका करिब २५ लाख बालबालिका देशमा छन् र विगतका अनुमानअनुसार आठदेखि १२ वर्ष उमेरका ८४ प्रतिशतले सामाजिक सञ्जाल खाता राखेका थिए । उहाँले ४७ लाख खाता हटाइनु वा निष्क्रिय पारिनु उत्साहजनक भएको बताउनुभयो ।

फेसबुक, इन्स्टाग्राम र थ्रेड्सको स्वामित्वमा रहेको मेटाले मात्र प्रतिबन्ध लागू भएको भोलिपल्ट करिब पाँच लाख ५० हजार खाताहरू हटाएको जनाएको छ । मेटाले प्रतिबन्धको आलोचना गर्दै साना प्लेटफर्महरूमा जोखिम बढ्नसक्ने चेतावनी पनि दिएको छ ।

यो कानून आमाबाबु र बाल सुरक्षा अभियानकर्ताबाट लोकप्रिय भए पनि केही गोपनीयता पक्षधर र किशोर प्रतिनिधि समूहहरूले यसको विरोध गरेका छन् । यद्यपि प्रधानमन्त्री एन्थोनी अल्बानिजले ‘केही शङ्का हुँदाहुँदै पनि यो उपाय प्रभावकारी देखिएको र विश्वका अन्य देशहरूले पनि अस्ट्रेलियालाई पछ्याउन थालेको’ बताउनुभएको छ ।

### चीन-अल्जेरिया अन्तरिक्ष सहकार्य : नयाँ उपग्रह प्रक्षेपण

जिउक्वान, २ माघ (रासस/सिन्ह्वा) ।

चीनले विहीबार उत्तरपश्चिम चीनस्थित जिउक्वान उपग्रह प्रक्षेपण केन्द्रबाट ‘अल्जेरियाको भू-संवेदन उपग्रह’ सफलतापूर्वक अन्तरिक्षमा प्रक्षेपण गरेको छ ।

अल्जेरियाको भू-संवेदन उपग्रह भनेको अल्जेरिया देशले भूमि, वातावरण र प्राकृतिक विपद्हरूको निगरानी तथा व्यवस्थापनका लागि अन्तरिक्षमा पठाएको उपग्रह हो । यस उपग्रहले मुख्य रूपमा भूमि योजना, कृषि व्यवस्थापन, बाढी, पहिरो र अन्य प्राकृतिक विपद् न्यूनीकरणका कार्यमा सहयोग पुर्याउँछ । अन्तरिक्षबाट पृथ्वीको सतहको तस्विर र डाटा सङ्कलन गर्ने क्षमता भएको यस उपग्रहले अल्जेरियालाई दिगो विकास, स्रोत व्यवस्थापन र आपत्कालीन परिस्थितिमा छिटो निर्णय लिनमा मद्दत पुर्याउँछ ।

बेइजिङ समयअनुसार दिउँसो १२ बजेर १ मिनेटमा प्रक्षेपण गरिएको उपग्रह निर्धारित कक्षामा सुरक्षित रूपमा प्रवेश गरेको जनाइएको छ । उक्त उपग्रहलाई भूमि उपयोग योजना, प्राकृतिक विपद् रोकथाम तथा क्षति न्यूनीकरणका कार्यमा प्रयोग गरिनेछ ।

चीनको लङ मार्च शृङ्खलाको वाहक रकेटमार्फत प्रक्षेपण गरिएको यो अभियान उक्त रकेट शृङ्खलाको ६२६औँ उडान रहेको छ ।चीनले अन्तरिक्ष प्रविधि क्षेत्रमा निरन्तर प्रगति गर्दै आएको छ भने यस प्रक्षेपणलाई चीन र अल्जेरियाबीचको अन्तरिक्ष सहकार्यको महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ ।

### अफगानिस्तानमा महिलाहरूको स्वास्थ्य सङ्कट : कुपोषण र सहयोगको अभाव

काबुल, २ माघ (रासस/एएफपी) ।

अफगानिस्तानमा कुपोषण सङ्कटले महिला तथा बालबालिकामाथि गम्भीर असर पुर्याइरहेको छ । विश्व खाद्य कार्यक्रमका अफगानिस्तान प्रमुखका अनुसार अन्तर्राष्ट्रिय समुदायले यस सङ्कटमा महिला र बालबालिकालाई सहयोग पुर्याउन असफल भएको छ । देशमा सन् २०२१ देखि तालिबानको शासन छ र त्यसपछि दाताहरूको सहायता लगातार घट्दै आएको छ । सन् २०२४ सालमा विश्व खाद्य कार्यक्रममा आएको सहयोग रकम सन् २०२५ मा आधाभन्दा कम भएको छ ।

आउँदो १२ महिनामा पाँच लाखभन्दा बढी महिला र बालबालिकाले तीव्र कुपोषण भोग्नेछन् भने करिब चार लाख बालबालिकालाई उपचार आवश्यक पर्न सक्छ । कुपोषण उपचार गर्ने क्लिनिकहरू बन्द हुँदै गएका छन् र उपचार नपाउँदा धेरै बालबालिका ज्यान गुमाउने जोखिममा छन् ।

गर्भवती र स्तनपान गराइरहेकी महिलाहरूमा पनि कुपोषणको सङ्ख्या बढेको छ । यी महिलाहरू आफ्ना सन्तानलाई खान दिन आफूले पर्याप्त पोषण लिन नसक्ने अवस्थामा छन् । जहाँ सहायता रोकिएको छ, त्यहाँ परिवारहरूले छोरीहरूलाई सानो उमेरमै विवाह गर्न बाध्य बनाइरहेका छन् र बालबालिकालाई विद्यालयबाट निकालेर काममा पठाइरहेका छन् ।

अफगानिस्तान अहिले खाद्य असुरक्षा र कुपोषणको गम्भीर सङ्कट भोगिरहेको छ, र लाखौं महिला र बालबालिकालाई जीवन रक्षाको लागि तत्काल सहयोग आवश्यक छ ।

# भुकम्प सुरक्षा दिवसमा विद्यार्थीलाई अभिमुखीकरण



**दैनिक समाचारदाता**
**राजविराज, २ माघ ।**

"सबै तहका सरकार, सबै नागरिकको तयारीः भूकम्प उत्थानशील नेपाल, अबको जिम्मेवारी" नाराका साथ २८औं भुकम्प सुरक्षा दिवसको अवसरमा शुक्रबार सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकाले अभिमुखीकरण कार्यक्रमको आयोजना गरेको छ ।

गाउँपालिकाको विपद व्यवस्थापन शाखाद्वारा रोयम नेपालसँगको समन्वयमा वडा नं. ४ कोईलाडीस्थित राजेन्द्र देवकी माध्यमिक विद्यालयका विद्यार्थी तथा शिक्षकहरुलाई राखेर भुकम्प सुरक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको हो ।

अभिमुखीकरणमा नेपाल भुकम्पीय जोखिमको हिसाबले विश्वको ११औं स्थानमा पर्ने भएकोले यसबाट हुन सक्ने धनजनको क्षतिलाई कम गर्न पूर्वतयारीमा जोड दिनुपर्ने आवश्यकता औंल्याइएको छ । रसो अवसरमा भुकम्प आउनुभन्दा अगाडि गर्नुपर्ने पूर्वतयारी, भुकम्प आएको बेला र पछि गर्न हुने तथा गर्न नहुने कामहरुको बारेमा गाउँपालिकाका विपद व्यवस्थापन अधिकृत राजेश कुमार झाले जानकारी गराए ।

राजेन्द्र देवकी माविको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राज कुमार मण्डलको अध्यक्षतामा आयोजित सो अभिमुखीकरण कार्यक्रममा प्रधानाध्यापक दीपेन्द्र झा लगायतका शिक्षकसमेतको सहभागिता रहेको थियो ।

कार्यक्रममा गाउँपालिकाका विपद व्यवस्थापन अधिकृत राजेश कुमार झा र रोयम नेपालका जिल्ला संयोजक ओम प्रकाश चौधरीले सहजीकरण गरेका थिए ।

# छुट्टाछुट्टै स्थानमा आगलागि हुँदा दश लाख मूल्य बराबरको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, २ माघ ।**

सप्तरीको छुट्टाछुट्टै स्थानमा आगलागि हुँदा १० लाख मुल्य बराबरको क्षति भएको छ ।

जिल्लाको तिरहुत गाउँपालिका वडा नं. १ धनपुरी टोलमा बिहीबार साँझ पूजाका लागि बालिएको दियोबाट आगलागी हुँदा स्थानीय योगेन्द्र यादवको एक घरसहित करिब ६ लाख मुल्य बराबरको धनमाल जलेर नष्ट भएको हो ।

यादवको बाँसको टाटीले बनेको फुसको छानो भएको एक कोठे घरमा दियोबाट अचानक आगो सल्किएको थियो ।

आगलागीबाट घरभित्र रहेको काठको दराज दुई थान, स्टिलको दराज एक थान, ३५ तोलाका विभिन्न चाँदीका गरगहना, तीन तोलाका सुनका मंगलसूत्र, अन्य गरगहना, नगद एक लाख २५ हजार रुपैयाँ, ४० मन धान, १० मन चामल तथा महत्वपूर्ण कागजात जलेर नष्ट भएको इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक माधव प्रसाद काफ्लेले जानकारी दिए ।

यसैगरी बिहीबारै हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १४ रम्पुराका सिताराम यादवको गाईगोठमा बालेको घुरबाट अचानक आगो सल्किएर आगलागी हुँदा गाईगोठ र परालको कुन्यु पूर्णरुपमा जलेर नष्ट भएको छ । प्रहरीका अनुसार आगलागीबाट ४ लाख १० हजार रुपैयाँ मुल्य बराबरको क्षति भएको हो ।

# खडक नगरपालिका वडास्तरीय फुटबल सुरु

**दैनिक समाचारदाता**
**राजविराज, २ माघ ।**



सप्तरीको खडक नगरपालिका ३ बनरभुल्लास्थित कमलेश्वरी झोलाई माध्यमिक विद्यालयको खेलमैदान शुक्रवारदेखि वडास्तरीय फुटबल प्रतियोगिता सुरु भएको छ ।

सतौन स्मृति ट्रष्ट सप्तरीद्वारा सञ्चालित वडा स्तरीय फुटबल प्रतियोगिताको शुक्रवार सम्पन्न उद्घाटन खेलमा वडा नं. ५ बिजयी भएको छ । अत्यन्तै प्रतिष्पर्धात्मक खेलमा वडा नं. ८ लाई टाईब्रेकरमा ६-७ गोल अन्तरले पराजित गर्दै एफसी खडक वडा नं. ५ ले प्रतियोगितामा बिजयी सुरुवात गरेको हो ।

निर्धारित समयसम्म दुवै टीमले एक/एक गोलको बराबरी खेलपछि खेलको निर्णय टाईब्रेकरबाट लिएको थियो ।

प्रतियोगिता अन्तर्गत भोली शनिवारको खेल बजरंगी युवा क्लब खडक वडा नं. १ र श्रीराजाजी डिहवार युवा क्लब खडक ११ बीच प्रतिष्पर्धा हुने खेलकुद समितिका संयोजक बिनोदानन्द चौधरीले जानकारी दिए ।

यसअघि शुक्रवार एक कार्यक्रमका बीच नेपाल भारोत्तोलन संघका केन्द्रीय अध्यक्ष कानन चौधरीले रेफ्रीलाई फुटबल हस्तान्तरण गरी प्रतियोगिताको उद्घाटन गरे ।

सतौन स्मृति ट्रष्टका अध्यक्ष सुर्यनारायण चौधरीको अध्यक्षतामा आयोजित उद्घाटन कार्यक्रममा खडक नगरपालिका वडा नं. ३ का अध्यक्ष देवनारायण चौधरी, वडा सदस्य लक्ष्मी चौधरी, आयोजक ट्रष्टका सचिव भगवती चौधरी, समाजसेवी बिरेन्द्र चौधरी लगायत समाजसेवी, बुद्धिजीवी लगायतको उपस्थिति रहेको थियो ।

# यस्ता छन् मतदान अधिकृतको काम, कर्तव्य र अधिकार

काठमाडौं, २ माघ (रासस) ।

आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मतदान केन्द्रमा खटिइ जाने मतदान अधिकृतको काम, कर्तव्य के-कस्ता हुन्छन् भन्ने आममानिसमा चासो स्वाभाविक नै हुने गरेको छ । त्यसका लागि निर्वाचन आयोगले प्रष्ट रुपमा मतदान अधिकृतको काम, कर्तव्य र अधिकारसमेत निर्धारण गरेको छ ।

आयोगले तय गरेको 'प्रतिनिधिसभा सदस्य मतदान निर्देशिका, २०८२' अनुसार मतदान अधिकृतमा नियुक्त भएपछि निर्वाचनसम्बन्धी प्रशिक्षण कार्यक्रममा भाग लिन, निर्वाचन सामग्री रुजु गरी बुझिलिनुपर्नेछ ।

यस्तै, अधिकृतले मतदाता परिचयपत्र तथा मतदान केन्द्रसम्बन्धी अन्य निर्वाचन सामग्री रुजु लिई बुझिलिनेजस्ता काम गर्नुपर्ने व्यवस्था निर्देशिकामा गरिएको छ । आफूलाई तोकिएको मतदान केन्द्रमा खटाइएका सहायक मतदान अधिकृत, अन्य कर्मचारी तथा सुरक्षाकर्मीसँग समन्वय गर्ने, मतदान केन्द्रमा पुग्नुपर्नेछ ।

त्यस्तै, तोकिएको समयमा पुगी मतदान केन्द्र निर्माण गर्ने, सुरक्षा, भौगोलिक कठिनाइ तथा अन्य कुनै मनासिब कारणले तोकिएको मतदान केन्द्रमा निर्वाचन गराउन नसकिने भई तत्काल अर्को मतदान केन्द्र स्थापना गर्नुपर्ने अवस्था भएमा त्यस्तो जानकारी तुरुन्त निर्वाचन अधिकृतलाई गराउने प्रबन्ध निर्देशिकामा गरिएको छ ।

मतदान केन्द्रमा गएर मतदान हुने दिनभन्दा अगावै मतदाता परिचयपत्र वितरण गर्नुपर्नेछ । मतदान केन्द्रमा खटाइएका कर्मचारी तथा स्वयंसेवकलाई कामको बाँडफाँट गरी मतदानको काममा लगाउनुपर्नेछ ।

मतदातालाई मतपत्र दिनुअघि मतपत्रमा हस्ताक्षर गर्ने, मतदान कार्यलाई प्रभावकारी तरिकाले अघि बढाउन चनाखो भई मतदान कार्यको निरन्तर अनुगमन गर्ने, मतदानको दिन मतदान कार्यको गतिविधिबारे समयसमयमा निर्वाचन अधिकृतलाई जानकारी गराउने व्यवस्था निर्देशिकाले गरेको छ ।

मतदानको दिन मतदान केन्द्रमा आउने विभिन्न घुम्ती टोली, पर्यवेक्षक, पत्रकार, अनुगमनकर्ता र सुरक्षाकर्मीलाई मतदानको अवस्थाका बारेमा जानकारी गराउने, निर्वाचन आचारसंहिताको पूर्ण रूपमा परिपालना गराउने, आचारसंहिता पूर्ण रूपमा परिपालना गराउने, कुनै गैरकानुनी गतिविधि हुन नदिने जस्ता काम मतदान अधिकृतले गर्नुपर्नेछ ।

यस्तै, मतदान हुनुअघि तथा मतदान सम्पन्न भएपछि मुचुल्का गराई शिलबन्दी मतपेटिका तथा अन्य निर्वाचन सामग्री सुरक्षित तरिकाले निर्वाचन अधिकृतलाई बुझाउनुपर्नेछ ।

त्यसैगरी, निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ बमोजिमको अधिकार प्रयोग गर्ने तथा निर्वाचनलाई स्वच्छ, निष्पक्ष र स्वतन्त्र रूपमा सम्पन्न गराउनु मतदान अधिकृतको कर्तव्य हुने निर्देशिकामा उल्लेख छ ।

# विगतका निर्णय र नजिरका आधारमा कांग्रेसको विवाद समाधान गर्न कार्यवाहक सभापति खड्काको आग्रह

काठमाडौं, २ माघ (रासस) ।

नेपाली कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्काले पार्टीमा देखिएको विवाद निर्वाचन आयोगका विगतका निर्णय र नजिरका आधारमा छिटो समाधान गर्न आग्रह गर्नुभएको छ ।

कांग्रेसको १४औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिका अधिकांश पदाधिकारी र सदस्यसहित शुक्रबार आयोगमा पुगेका उहाँले पार्टीका कागजात बुझाउँदै समस्या समाधानका लागि आग्रह गर्नुभएको हो ।

कार्यवाहक सभापति खड्काले दल विभाजनका सन्दर्भमा आयोगका विगतका निर्णय र नजिर विपरीत कांग्रेस आधिकारिकताको टुङ्गो लगाएमा त्यो मान्य नहुने स्पष्ट पार्नुभयो ।

उहाँले कांग्रेसका विषयमा विभिन्न सञ्चारमाध्यममा आएको समाचारका आधारमा आफूहरू आयोगमा आएको भन्दै विशेष महाधिवेशनका सन्दर्भमा ८८५ जना महाधिवेशन प्रतिनिधिले हस्ताक्षर फिर्ता लिएको जानकारीसहितको विवरण कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीलाई बुझाउनुभयो ।

कांग्रेस नेता डा शेखर कोइरालाले लोकतान्त्रिक पद्धतिअनुसार पार्टी आधिकारिकताको निर्णय हुने विश्वास व्यक्त गर्दै सिङ्गो केन्द्रीय समिति उपस्थित भएर अनुरोध गरेको जानकारी गराउनुभयो । कुनै आयुक्तले टुँडिखेलमा गएर निर्वाचन कार्यक्रम सुरु गरेर आधिकारिकता नपाउने उल्लेख गर्नुहुँदै उहाँले कांग्रेसको विवादबारे आधिकारिकता निर्णय पनि सोही आधारमा हुने विश्वास व्यक्त गर्नुभयो ।

दस्तावेज ग्रहण गर्दै कार्यवाहक प्रमुख आयुक्त भण्डारीले विधि र पद्धतिमा रहेर आयोगले निर्णय गर्ने बताउनुभयो । उहाँले निर्वाचनका सबै कार्यक्रममा सक्रिय सहभागिताका लागि पनि अनुरोध गर्नुभयो ।

# पेट्रोलियम पदार्थको मूल्य समायोजन

**दैनिक समाचारदाता**
**राजविराज, २ माघ ।**

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य समायोजन गरेको छ ।

निगमले शुक्रबार १२:०० बजेदेखि लागू हुनेगरी पेट्रोलको मूल्य प्रतिलिटर तीन रुपैयाँले घटेको छ । यस्तै, डिजेल र मट्टितेल प्रतिलिटर एक रुपैयाँले घटेको छ ।

निगमले तय गरेको नयाँ मूल्यसूचीअनुसार पेट्रोल प्रतिलिटर रु एक सय ५६ र डिजेल र मट्टितेल प्रतिलिटर रु एक सय ३६ कायम भएको छ ।

इन्डियन आयल कर्पोरेसनबाट माघ १ मा प्राप्त पेट्रोलियम पदार्थको नयाँ खरिद मूल्यअनुसार निगम सञ्चालक समितिले नयाँ मूल्यसूची निर्धारण गरेको हो ।

## सप्तरीमा ...

यो सँगै सम्बन्धित जिल्लामा नेपाल प्रहरी र सशस्त्र प्रहरीले पाउने दररेट अनुसार खाद्यान्न खर्च पनि उपलब्ध गराइने छ ।

नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालसँगको समन्वयमा निर्वाचन प्रहरीका लागि सुरु गरिएको आवेदन प्रक्रियामा १८ वर्ष पुरा भईसकेका र ५४ वर्ष ननाघेका नेपाली नागरिकले आवेदन दिएका छन् ।

# नेपाल चिकित्सक सङ्घको निर्वाचन स्थगित

काठमाडौं, २ माघ (रासस) ।

नेपाल चिकित्सक सङ्घको निर्वाचन स्थगित भएको छ ।

सङ्घले शुक्रबार एक विज्ञप्ति जारी गरी पाटन उच्च अदालतबाट जारी भएको अन्तरिम आदेशलाई समेत मध्यनजर गर्दै पूर्वनिर्धारित तालिकाअनुसार तय गरिएको निर्वाचन कार्यक्रम स्थगित गरिएको जनाएको हो ।

प्रमुख निर्वाचन अधिकृत डा प्रणयरत्न शाक्यले यस सम्बन्धमा निर्वाचन समितिबाट यथाशीघ्र अर्को सूचना जारी गरी निर्वाचन कार्यक्रमसम्बन्धी नयाँ तालिका सार्वजनिक गरिने बताउनुभयो ।

सङ्घको निर्वाचन काठमाडौं उपत्यका बाहिर माघ २ र ३ गते हुने भनिएको थियो भने काठमाडौं उपत्यकाभित्र माघ १५, १६ र १७ मा हुने गरी निधारित गरिएको थियो ।

केही समयअघि डा अजयकुमार मिश्रले दायर गरेको रिटमा पाटन उच्च अदालतले यथास्थितिमा निर्वाचन नगर्न अन्तिम आदेश जारी गरेको थियो ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np